आज मिति २०७७/०३/२६ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्यज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री अनिल पांडेल | प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

# मिति: २०७७।०३।२६ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : क्वारेन्टाइनको भुक्तानी सम्बन्धमा ।**

निर्णय : नगर स्तरीय अनुगमन समितिबाट नगरपालिका अन्तर्गत वडाहरूमा क्वारेन्टाइन सञ्चालन गरिएको मिति २०७६।१।२९ गते देखि मिति २०७६।२।३२ सम्म वडा नं. १ देखि १० सम्म खर्चको सम्बन्धमा उपप्रमुखको अध्यक्षतामा गठित समितिबाट सिफारिस भई आएको खर्च सम्बन्धी विवरणका बारेमा छलफल गरी सबै वडाको क्वारेन्टाइन खर्च समितिबाट पेश भए अनुरूप खर्च अनुमोदन गरियो ।

**प्रस्ताव नं. २ : आगामी आ.व. मा क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा ।**

निर्णय : मिति २०७७ साउन १ गतेदेखि क्वारेन्टाइन व्यवस्थापनको हकमा भारत तथा विदेशबाट यस नगरपालिका क्षेत्रभित्र आउने हरेक व्यक्तिहरूलाई क्वारेन्टाइनमा बस्नु पर्दा त्यस्ता व्यक्तिहरूलाई प्रतिदिन १५०।- का दरले स्वास्थ्य संस्था तथा वडा कार्यालयको सिफारिसमा नगदै खाना, खाजा खर्चबापत उपलब्ध गराउने खाना खाजाको व्यवस्थापन निजको परिवार वा स्वयम व्यक्तिले गर्नुपर्ने साथै व्यक्तिगत आवश्यकताका सामाग्रीहरू स्वयम व्यक्ति वा निजको परिवारबाट व्यवस्था गनुपर्ने, नगरपालिकाले दायित्व नलिने सो सम्बन्धमा सम्पूर्ण कुरा खुलाई स्वास्थ्य संस्था तथा वडा कार्यालयलाई नगरपालिकाले जानकारी दिने व्यवस्था मिलाउने ।

**प्रस्ताव नं. ३ : कक्षा थप स्वीकृत सम्बन्धमा ।**

निर्णय : नगर शिक्षा समितिबाट सिफारिस भई आएका १० वटा विद्यालयहरूलाई नगरपालिकालाई थप दायित्व नपर्ने गरी समिति मार्फत सिफारिस भई आएकोमा कक्षा थपका लागि अनुमति दिने ।

**प्रस्ताव नं. ४ : निःशुल्क पाठ्यपुस्तकको अपुग रकमको सम्बन्धमा ।**

निर्णय : अर्थ मन्त्रालयको च.नं.८२३ मिति २०७६।२।२० को आ.व. २०७६/७७ को अन्तर सरकारी वित्तीय हस्तातरण सम्बन्धी व्यवस्थापन र मार्गदशनको बुदाँ नं. १९ मा उल्लेख भए बमोजिम सर्शत अनुदानको रकम उद्देश्यमा फरक नपर्ने गरी स्थानीय तहबाटै कार्यक्रम संशोधन गर्न सकिने छ। भन्ने व्यवस्थाको आधारमा नगरपालिकामा शिक्षा तर्फबाट बचत हुन आउने सर्शत तर्फको शिक्षा क्षेत्रको बजेट शिर्षकबाट निःशुल्क पाठ्यपुस्तकका लागि बजेटले खामे सम्म अन्यथा दमासाहीले पाठ्यपुस्तकका लागि अपुग रकम विद्यालयको खातामा जम्मा गरिदिने ।

**प्रस्ताव नं. ५ : अख्तियारबाट प्राप्त सुझाव सम्बन्धमा ।**

निर्णय : अख्तियार दुरूपयोग आयोगको कार्यालय बुटवलको च.नं. ३६७९ मिति २०७७।३।२५ को पत्रबाट नगरपालिकाको वडा नं. १ स्थित रहेको हाट बजारको हिसाब किताब नदेखाई करिब १७ लाख रकम हिनामिना गरेको भन्ने समेत उजुरीका सम्बन्धमा आवश्यक कारवाही गर्न गराउन नगर कार्यपालिका कार्यालयलाई सुझाव लेखी आएकोले उक्त हाटबजार लगायत नगर क्षेत्रभित्रका सबै खालका हाटबजारहरूलाई नगरको राजश्वको दायर भित्र ल्याउने गरी प्रतिवेदन पेश गर्न वडा समितिलाई जिम्मा दिने प्रयोजनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : योजना तथा कार्यक्रम सम्बन्धमा ।**

निर्णय : वडा समिति तथा नगरपालिका विभिन्न समितिहरूमा छलफलका चरणहरू पार गरी योजना तथा कार्यक्रमहरू असार २८ गते बस्ने नगरसभामा पेश गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ७ : क्षेत्रगत विनियोजन तथा नीतिगत प्रबन्ध सम्बन्धमा ।**

निर्णय : नगरसभाको दोस्रो सत्र असार २८ गते अपरान्ह १:३० बजे पौवा होटलमा बस्ने उक्त नगरसभाको दोस्रो सत्रमा क्षेत्रगत विनियोजन तथा अन्य नीतिगत प्रबन्धहरूका लागि निर्णयार्थ पेश गर्ने ।

**प्रस्ताव नं. ८ : क्यान्टिनको म्याद सम्बन्धमा ।**

निर्णय : कोभिडका कारणले आवश्यक तयारी तथा व्यवस्थापनमा समय लाग्ने देखिएको हुँदा र तत्काल सूचना निकाल्न नसकिएको अवस्था साथै क्यान्टिनको सौन्दर्यीकरण लगायतका अत्यावश्यकीय कार्य पुरा नहुन्जेलका लागि क्यान्टिन सञ्चालनका लागि तोकिएकै शर्त अनुरूप थप ४ महिना म्याद थप्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९: योजनाको भुक्तानी सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि क्याम्पसको संरचना निर्माण र वाउण्डरी बाल, गेट, निर्माण लगायतका कार्यको हकमा जि.स.स. सँग सम्झौता भई रकम निकासा हुन बाँकी रहेको सन्दर्भमा निकासा भई आएपछि नियमानुसार शोधभर्ना गर्ने गरी नगरपालिकाबाट भुक्तानी दिने ।

**प्रस्ताव नं. १०: करार पद सम्बन्धमा ।**

निर्णयः नगरपालिकाको कार्य प्रकृति, केही प्राविधिक पदहरू पदपूर्ति हुन बाँकी रहेकोले यस कार्यालयमा विगत लामो समयदेखि कार्यरत सामाजिक परिचालक (LGCDP तथा महिला बालबालिका तर्फबाट हस्तान्तरित) तथा अस्टिटेन्ट सब इन्जिनियर दुई तथा कोभिड १९ को अवस्थामा पनि पी सि आर टेस्टिङ्ग लगायतका कार्यमा सहज सेवा प्रवाह गरेकोले आवश्यकता, औचित्यता समेतलाई विचार गरी करार गरी (यस अघिको सुविधामा नबढने शर्तमा) तथा प्राविधिकको हकमा चौथो तहको न्यूनतम वेतन दिने गरी काम लगाउने प्रयोजनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११: आईसोलेसन सञ्चालनका लागि निर्माण सम्बन्धमा ।**

निर्णयः आपतकालिन अवस्था/असहज अवस्थामा सर्वदलीय सर्वपक्षीय निर्णय अनुरूप गोरूसिंगे स्थित मायाज होटलमा राखिएको आईसोलेसन लामो समय सोही स्थानमा राखि रहन व्यवहारिक र उपयोग नहुने अवस्थालाई मनन् गरी गौतमबुद्ध वा बुद्धभूमि क्याम्पस मध्ये सर्वदलीय बैठकको निर्णय समेतका आधारमा कुनै एक क्याम्पसमा अत्यावश्यक पूर्वाधार (पहुँच सडक, तारवेरा, ईलेक्टिक सामाग्री, शौचालय मर्मत क्यामपसका सामग्री व्यवस्थापन लगायतका जो जे कार्य गर्नुपर्ने हो सो कार्य गर्न तत् क्याम्पसमा मौजुदा रहेको निर्माण / व्यवस्थापन समिति मार्फत गर्न क्याम्पसको सिफारिस तथा तत् वडाको सिफारिस समेतका आधारमा सो समितिसँग सम्झौता गरी श्रावण मसान्त सम्म निर्माण सम्पन्न गरी नगरस्तरीय आईसोलेसन सञ्चालन गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : प्रतिनिधि तोकिएको सम्बन्धमा ।**

निर्णय : यस नगरपालिकालाई प्रतिवादी बनाई गरिएका सबै खालका मुद्दाहरूको पत्राचार, प्रतिउत्तर लगायतका विषयहरूमा प्रतिउत्तर प्रयोजनका लागि नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत वा निजको अनुपस्थितिमा निमित्त प्रमुख प्रशासकीय अधिकृतले लिखित जवाफ प्रतिउत्तर लगायत जो जे गर्नुपर्ने हो सो गर्न अख्तियारी दिने साथै वहाँले नियमानुसार वारेस नियुक्त गर्ने सक्ने गरी अधिकार प्रत्योजन गर्न निर्णय गरियो ।

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत